सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८/०८१/०८२

# सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक




❖ वर्षः- २२ ❖ अङ्कः- ०१ ❖ २०८१ श्रावण ०७ गते सोमबार(22 July 2024 Monday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रकाशकीय

## हामी बिचलित हुने छैनौं

आजबाट हामी २१ वर्ष पुरागरी २२ औं वर्षमा प्रवेश गरेका छौं। यहाँसम्म आइपुग्न हामीलाई बाटो देखाउनु हुने आदरणीय पाठक, लेखक, विज्ञापनदाता, सहयोगी एवम् शुभेच्छुहरुप्रति कृतज्ञ छौं।

अखवारहरुको भीडमा पृथक पहिचान बनाउन सफल भएको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको अवधीमा हामीले आदरणीय पाठक हरुबाट पाएको अपार मायाँ र ममताले हामीलाई हौसला प्रदान गरिरहेको छ। तर सिमित बजार, विज्ञापनको अभाव र कमिशनका नाममा जिल्लाको विज्ञापन बजारमा संघ तथा प्रदेशस्तरका मिडियाहरुको दबदबाले स्थानीय स्तरका अखबारहरुमा सङ्कट पैदा गराइरहेको छ।

यस्ता अनेकौं संकट र अप्ठेराहरुलाई झेल्दै नियमित रुपमा अखवार प्रकाशन र वितरण गर्नु निकै चुनौतीपूर्ण छ। यस्तो चुनौतीका बीचमा जनपक्षीय मुद्धाहरुलाई उठान गर्दा हुने स्रोतको नाकाबन्दीले समस्या सिर्जना गरेका तथ्यहरु हामी सामू छन्। यतिबेला सिन्धुलीका स्वरोजगार अखवारहरु मर्ने र बाँच्ने दोसाँधमा पुगेको तथ्यलाई स्वीकार्ने पर्छ। मुलुकमा यतिबेला दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको सरकार छ। एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री र कुशल अर्थमन्त्री विष्णु पौडेलको अर्थमन्त्रालयमा पुनरागमनले थलिएको नेपाली अर्थतन्त्रलाई नयाँ गति दिने विश्वास हामीले लिएका छौं। यही विश्वासका साथ हामीले २२ वर्षको यात्रागर्दै गर्दा यसै अंकबाट पत्रिकाको आकारमा परिवर्तन गरेका छौं। हामी अझ परिस्कृत बने काछौं। तसर्थ हामीलाई यो अबस्थासम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण मान्यजनको आस्था र विश्वासबाट अलिकति पनि विचलित नहुने प्रण गर्दछौं।

– दिपा भण्डारी प्रकाशक

## शक्तिशाली प्रधानमन्त्रीका रूपमा उदाए ओली



**काठमाडौं**/प्रधानमन्त्री केपी शर्मा ओलीले दुईतिहाई भन्दा बढी सांसदको समर्थन पाउनु भएको छ। प्रतिनिधिसभामा आइतवार भएको बिश्वासको मत लिने क्रममा प्रधानमन्त्री ओलीलाई दुईतिहाइ भन्दा बढी सांसदले समर्थन गरेका हुन।

हिजो भएको मतदानमा प्रधानमन्त्री ओलीमाथि बिश्वास छ भन्ने पक्षमा १८८ मत परेको छ। कुल २७५ सदस्यीय प्रतिनिधिसभामा आज भएको मतदानमा २६३ सांसदले भाग लिएका थिए। जसमध्ये प्रधानमन्त्री ओलीको पक्षमा १८८ मत परेको हो।

प्रधानमन्त्री ओलीको बिपक्षमा केवल ७४ मत परेको छ। दुई तिहाईका लागि १८४ मत आवश्यक पर्छ। प्रधानमन्त्री ओलीले त्यो भन्दा बढी मत पाउनु भएको हो। दुईतिहाईभन्दा बढी सांसदको बिश्वासको मत पाएसँगै प्रधानमन्त्री ओली शक्तिशाली प्रधानमन्त्रीको रुपमा सरकारको नेतृत्व गर्ने कार्यकारी प्रमुखका रुपमा उदाउनु भएको छ।

प्रतिनिधिसभाको प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमाले बीच गत असार १७ गते भएको सहमतिअनुसार प्रधानमन्त्री ओली गत असार ३० गते नेपालको संबिधानको धारा ७६ को उपधारा २ अनुसार प्रधानमन्त्री नियुक्त हुनुभएको थियो। प्रधानमन्त्री ओलीले असार ३१ गते राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिई कार्यभार सम्हाल्नु भएको हो। संबिधानको धारा ७६ (२) अनुसनर नियुक्त प्रधानमन्त्रीले एक ●बाँकी २ पेजमा

## पुष्पलालको ४६ औं स्मृति दिवश मनाईदैं



**सिन्धुली**/नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको ४६ औं स्मृति दिवस आज देशभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालयले विषेश कार्यक्रमको आयोजना गरिरहेको छ। एमाले बागमती प्रदेश कमिटी सचिव नवराज सिलवालका अनुसार एमालेले देशैभर पालिका केन्द्रीत भएर पुष्पलालको ४६ औं स्मृति दिवश मनाउँदैछ।

एमाले सिन्धुलीले पुष्पलालको योगदानवारे अर्न्तक्रिया कार्यक्रम गर्दैछ भने कमलामाई नगरपालिका कमिटीले ऐतिहासिक कमलामाई मन्दिर परिसरमा बृक्ष रोपण कार्यक्रमको आयोजना गरेको अध्यक्ष सुन्दर घिसिङले बताए।

त्यसैगरी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेकपा (माले) लगायत विभिन्न समूहमा छरिएका कम्युनिष्ट पार्टीहरूले विभिन्न कार्यक्रमको आयोजना गरी पुष्पलालको योगदानको स्मरण गर्दैछन्।

पुष्पलाल स्मृति प्रतिष्ठानले कीर्तिपुर-४चम्पादेवीमापुष्पलालको स्मृतिमा श्रद्धाञ्जली सभा, गोष्ठी लगायत कार्यक्रम गर्ने जनाएको छ। कार्यक्रममा तत्कालीन निरंकुश जहानियाँ राणा शासनको अन्त्य गर्न विसं २००६ मा कोलकातामा कम्युनिष्ट पार्टीको ●बाँकी २ पेजमा

## बागमती प्रदेशमा डरलाग्दो अफिम खेती



**सिन्धुली**/लागु औषध गाँजाको रोकथाम र नियन्त्रणको विषयलाई लिएर समाज दुई समूहमा विभाजित बनेका बेला बागमती प्रदेशमा ठूलो मात्रामा अफिम उत्पादन हुने गरेको डरलाग्दो तथ्य सार्वजनिक भएको छ।

जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा आएका बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक विष्णुकुमार केसीले सो तथ्य सार्वजनिक गरेका हुन्। उनले मकवानपुरका पहाडी पालिकाहरु राक्सिराङ, खैराङ, भर्ता र सिन्धुलीको हरिहरपुरगढीको केही क्षेत्रमा अफिम उत्पादन भइरहेको र पचास रोपनी क्षेत्रफलमा लगाइएको उक्त अफिम नष्ट गरिएको बताए।

प्रहरी इकाईको नियमित अनुगमन र निरिक्षणका क्रममा सिन्धुली आएका केसीले गाँजा भन्दा अफिम खेती डरलाग्दो बताएको दाबी गरे। गाँजाको व्यवसायिक उत्पादनका लागि सरकारले कानून बनाउने तयारी गरेपनि अफिम खेतीका विषयमा सरकारको ध्याननैं नपुगेको खुलासा गरे।

गाँजा बिरुद्ध अभियान ●बाँकी २ पेजमा

### झटारो — राजेश मानन्धर









**शक्तिशाली............**

महिनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने व्यवस्था अनुसार आज प्रतिनिधिसभामा विश्वासको मत लिनुभएको हो।

प्रधानमन्त्री ओलीलाई सत्ता साझेदार नेपाली कांग्रेस, नेकपा एमाले, जसपा, जनमत, जसपा नेपाल, लोसपा र नागरिक उन्मुक्ति पार्टीले मतदान गरेका छन्। यस्तै दुई जना स्वतन्त्र सांसदले पनि पक्षमा मतदान गरेका छन्। यस्तै स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंह र योगेन्द्र मण्डलले पक्षमा मतदान गर्नुभयो।

यसैगरी प्रधानमन्त्री ओलीको बिपक्षमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चाका सांसदले मतदान गरेका छन्। आजपाका प्रभु साहले पनि बिपक्षमा मतदान गर्नुभयो।

यस्तै मत दिन्न भन्ने पक्षमा जम्मा एक मत परेको छ। सभामुख देवराज घिमिरेले भने मतदानमा भाग लिनुभएन। उहाँ नेकपा एमालेबाट निर्वाचित सांसद हुनुहुन्छ। सभामुख तटस्थ हुने भन्दै उहाँले मतदानमा भाग नलिनु भएको हो।

यसअघि बिश्वासको मत लिने क्रममा सांसदले उठाएको प्रश्नको जवाफ दिने क्रममा प्धानमन्त्री ओलीले भन्नुभयो, 'नजानेर कुनै गल्ती हुन सक्ला तर जानीजानी गल्ती अहिलेको प्रधानमन्त्रीले गर्दैन, हुन सक्दैन भन्ने बचन दिन चाहन्छु।' यस्तै उहाँले परारको साल बनेको पार्टीले संविधानको जिम्मा र लोकतन्त्र ल्याएको जिम्मा लिन नपर्ने आफूहरुले नै लिने र गर्व गर्ने बताउनुभयो।

अध्यक्ष ओलीले प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान आवश्यकता र जनताको माग अनुसार संशोधन हुनसक्ने बताउनु भयो। विश्वासको मतमाथि छलफलको क्रममा उठेको प्रश्नको जवाफ दिँदै गतिशील विषय संशोधन गर्ने बताउनुभयो।

उहाँले भन्नुभयो 'म सबै विचार हरूलाई सम्मान गर्छु, राम्रा सुझाव दिनेहरूको ग्रहण गर्छु। आक्रोश, उत्तेजना र गालीगलौज बिर्सिदिन्छु।

त्यता गइरहनु वाञ्छनीय हुँदैन। हेरेकलाई खुसी पार्न सकिँदैन। कोही उहिलेदेखि नै संविधान संशोधन गर्नुपर्छ भनेको भनैछन्। कोही सकिँदैन भन्नुहुन्छ। कुरा हुँदै जाँदा निष्कर्षमा पुगिन्छ।'

आग्रह र पूर्वाग्रहबाट बाहिर आएर सबैको सहमतिमा गरिने बताउनु भयो। देश, जनता र अग्रगमनको लागि सहमतिको प्रयास गर्दा पनि नभए प्रक्रियाबाट भएपनि हुने उहाँले प्रष्ट्याउनुभयो।

**बागमती ..........**

चलाउने क्रममा बागमती प्रदेशमा प्रहरीले ३३ लाख कफिको बिरुवा वितरण गरेपनि ती बिरुवाहरु आधा मात्रै जिवित रहेको बताए।

उनले मकवानपुरको गाँजा उत्पानमा संलग्न हुने किसानलाई व्यवसायिक सुर्ती खेलीमा लैजान प्रयत्न गरे पछि प्रहरी एक्लैको प्रयासबाट मात्रै संभव नहुने उनको भनाई थियो।

सिन्धुलीको फिक्कलमा बोधिचित्त व्यवापारीहरुका बिचमा बढेको असफमफदारी र किनमेल बिवादवारे प्रहरीले अनविज्ञता प्रकट गरेको छ। सिन्धुली प्रहरी प्रमुख गोविन्द काफ्लेले प्रहरीले बोधिचित्त किनबेच गर्न आएका व्यापारीहरुका बीच भएको आपसी किचलो वारे इलाका प्रहरी कार्यालयमा लिखित सहमति गरेको भएपनि उनीहरुका बीचमा भएको गतिविधी वारे प्रष्ट हुन जरुरी भएको बताए।

**पुष्पलालको .........**

स्थापना तथा मुलुकको कम्युनिष्ट आन्दोलनमा पुष्पलालले गरेको योगदान, त्याग र निष्ठाको आदर्शलाई समेटेर तयार गरिएको उनको जीवनीमा आधारित श्रव्य दृश्य सामग्री प्रस्तुत गरिने प्रतिष्ठानले जनाएको छ।

यस्तै, विसं २००७ मा प्रजातन्त्र स्थापनाका लागि कम्युनिष्ट पार्टीले गरेको सङ्घर्ष तथा विभिन्न समयमा भएका प्रजातान्त्रिक आन्दोलनमा पार्टीले निर्वाह गरेको भूमिकाबारे जानकारी गराइने जनाइएको छ।

शान्तिपूर्ण आन्दोलनका साथै सशस्त्र संघर्ष, कम्युनिष्ट पार्टीमा आएका विभाजन, कम्युनिष्ट एकताका प्रयास, कम्युनिष्ट नेतृत्वको सरकारले गरेका काम र जनमुखी कार्यक्रम बारे कार्यपत्रमा समेटिएको छ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको जन्म विसं १९८१ असार १५ मा रामेछापको भँगेरीमा भएको थियो भने विसं २०३५ साउन ७ गते भारतको अस्पतालमा उपचारका क्रममा उनको निधन भएको थियो।

जनताका पक्षमा अधिकार स्थापित गर्ने लक्ष्यका साथ २००६ मा नेकपाको स्थापना कोलकाताको श्याम बजारमा पुष्पलाल, नरबहादुर कर्माचार्य, नीरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठको सक्रियतामा भएको थियो।

विसं २०२५ मा पञ्चायती निरंकुशताको अन्त्यका लागि 'संयुक्त जनआन्दोलनको कार्यदिशा' अगाडि सार्ने पहिलो नेताका रूपमा पुष्पलाललाई मानिन्छ। नेकपा एमाले नेतृत्वको सरकारले पुष्पलालको सम्मानमा राष्ट्रिय पुरस्कारसमेत स्थापना गरेको छ। उनकै नाममा पुष्पलाल मध्यपहाडी लोकमार्गसमेत निर्माण भइरहेको छ। केही समय अगाडि एमालेले सोही क्षेत्रमा पूर्व पश्चिम अभियानसमेत चलाएको थियो।

# बहुचर्चित द्वन्दकालिन मुद्दा मुल्तिबीमा जाने !

**सिन्धुली**/माओवादी केन्द्रका उपमहासचिव एवम् पूर्व कृषि मन्त्री हरिवोल जगुरेल, संविधानसभा सदस्य एवम् माओवादी केन्द्र सिन्धुलीका इन्चार्ज बसन्त माझी, एमालेकी केन्द्रीय सदस्यसमेत रहेकी निरु दर्लामी, बागमती प्रदेशका कानून मन्त्री गंगानारायण श्रेष्ठ लगायत दुई जर्दन नेता कार्यकर्ता माथि लगाइएको ज्यान मार्ने उद्योगको मुद्दा फेरी मुलतबीमा जाने संकेत देखिएको छ।

नेपाली कांग्रेसका तत्कालिन स्थानीय नेता गोरे श्रेष्ठको ज्यान लिनेगरी गरिएको आक्रमणमा संलग्न भएको भन्दै जिल्ला अदालत सिन्धुलीमा दर्ता भई मुल्तबीमा रहेको उक्त मुद्धालाई जिल्ला न्यायाधीसको आदेशमा ब्यूँताइए पछि त्यसले देशैभर सरकार ढाल्नका लागि अदालतको चलेखेल भन्दै समाचारहरु प्रकाशन भएका थिए। सन्देश जनप्रिय साप्ताहिकले गत असारमा सत्ता ढाल्न अदालतको चलखेल शिर्षकमा समाचार प्रकाशन गरेको थियो।

सिन्धुली जिल्ला अदालतमा आयोजित एक पत्रकार भेटघाटमा द्वन्द्वकालिन मुद्धा उठाइएको वारे सोधिएको जिज्ञासामा अदलतका अधिकारीले सो मुद्धा अगाडि बढ्छ वा बढ्दैन भन्ने बारे अनभिज्ञता प्रकट गरेका थिए। उनको अभिव्यक्तिले सो मुद्धा फेरी मुल्तबीमा जाने संकेत देखिन्थ्यो।

यसैबीच जिल्लामा आर्थिक बर्ष २०८०/८१ मा १ हजार ६८ वटा मुद्धा फर्छ्योट भएको छ। जिल्ला अदालत सिन्धुलीको अनुसार आर्थिक बर्ष २०८०/८१ को साउन बाट असार सम्ममा विभिन्न प्रकृतिका १ हजार ७ सय २७ मुद्धा दर्ता भएकोमा १ हजार ६८ वटा मुद्धा फर्छ्योट भएको हो।

जिल्ला अदालत सिन्धुलीका श्रेस्तेदार विदुर कोइरालाका अनुसार जिम्मेवारी सरी आएको ९ सय ४० वटा, नयाँ दर्ता ८ सय ३ वटा गरी जम्मा १ हजार ७ सय २७ वटा मुद्धामा १ हजार ६८ वटा मुद्धा फर्छ्यौट भएको र ६ सय ५९ वटा मुद्धा बाँकि रहेको छ।

जिल्लामा सम्बन्ध विच्छेदका मुद्धामा बृद्धि भएको पाइएको छ। सम्बन्ध विच्छेदका मुद्धा आर्थिक बर्ष २०७९/८० बाट सरि आएको ४६३ वटा मुद्धामा ३५० वटा फर्छ्यौट भएको र ९५ वटा बाँकि रहेको छ भने आर्थिक बर्ष २०८०/८१ मा नयाँ दर्ता भएको ३४१ वटा सम्बन्ध विच्छेदका मुद्धामा २४६ वटा फर्छ्यौट र ९५ वटा बाँकि रहेको श्रेस्तेदार कोइरालाले जानकारी दिए।

जवरजस्ती करणीको ३० वटा मुद्धा दर्ता भएकोमा ६ वटा फर्छ्यौट र २४ वटा बाँकि रहेका छ भने सवारी ज्यान मुद्धाको २० वटा दर्ता भएको मा १२ वटा फर्छ्यौट र ८ वटा बाँकि रहेको छ। त्यस्तै लागुऔषध सम्बन्धी २६ वटा मुद्धा दर्ता भएको मा १० वटा फर्छ्यौट र १६ वटा बाँकि र घरेलु हिँसाको मुद्धा यो बर्ष १ वटा मात्र दर्ता भएको जनाइएको छ।

आर्थिक बर्ष २०८०/८१ मा दर्ता भएको मुद्धाको ४५ प्रतिशत मुद्धा सम्बन्ध विच्छेदको रहेको श्रेस्तेदार कोइरालाले जानकारी दिनुभयो। आक्रोसित, वैदेशिक रोजगार, अधैर्यताको कारण सम्बन्ध विच्छेद हुने गरेको पाइएको उहाँले बताउनु भयो। त्यस्तै जिल्ला अदालतमा विशेष प्रकृतिको निवेदन अधिकृत वारेशनामा १६ वटा, मृत्युको न्यायिक घोषणा ५वटा,दर्ताद्धारा विवाह १५ वटा, धर्मपुत्र नियुक्ति १ र संरक्षक नियुक्ति १ वटा रहेको थियो।

स्मरणीय छः सिन्धुली जिल्ला अदालतमा गएको आर्थिक वर्षमा लाखौं रकम फ्रिज भएको छ। काम गर्न नसकिनेगरी रकम बिनियोजन गरिएपछि यस्तो अवस्था आएको कोइरालाको भनाई थियो।

# एमाले र कांग्रेस बीचको सहमति सार्वजनिक

**काठमाडौं**/प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको ७ बुँदे सहमति हिजो प्रतिनिधिसभा बैठकमा सार्वजनिक गर्नुभएको छ।

प्रतिनिधिसभा बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव राख्ने क्रममा उनले दुई दलबीच भएको ७ बुँदे सहमति सार्वजनिक गर्नुभएको हो। कांग्रेस महामन्त्री गगन थापाले उक्त सहमति सार्वजनिक गर्न माग गरेका थिए।

उक्त सहमति अनुसार पहिलो चरणमा दुई वर्ष सरकारको नेतृत्व एमाले अध्यक्ष ओलीले गर्ने र त्यसपछि २०८४ मंसिरको चुनाव सम्म कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व गर्नुहेनछ।

७ बुँदे सहमति यस्तो छः

१. आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्को विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने।

२. राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायीत्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने।

३. अर्थतन्त्रमा विद्यमान शिथिलता लाई अन्त्य गरी विश्वसनीय व्यवसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तिरक र बाह्य लगानी लाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने।

४. राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आम निर्वाचन सम्म कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने।

५. राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्को विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने।

६. राष्ट्रिय सहमतिको सरकार का लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा, समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गर्ने।

७. राष्ट्रिय सहमतिको सरकारको मर्म र भावना अनुरुप प्रदेश सरकारको गठन र सञ्चालन गर्ने र जनभावना अनुरुप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने।


श्रम विभाग द.प.द.न.२/०६५/०६६

(ट्रेड युनियनऐन २०४९ बमोजिम स्थापित ट्रेड युनियनमहासंघ)

पेसागत महासङ्घ नेपाल

जिल्ला समिति सिन्धुली

Confederation of Nepalese Professionals (CONEP)

District committee, sindhuli

हार्दिक शुभकामना

सुसूचित हुन पाउने नागरिकको नैसर्गिक अधिकार हो। यहि नैसर्गिक अधिकारलाई जन समक्ष पुऱ्याउने उद्धेश्यका साथ आजभन्दा २१ वर्ष अगाडि स्थापना भएको **जनप्रिय साप्ताहिक** २१ औं वर्ष पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको शुभ उपलक्ष्यमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामनाका साथै सो अवसरमा विशेषाङ्क प्रकाशन गर्न लागेको खबरले अत्यन्त खुशी लागेको छ।

सहि, सत्य र तथ्य समाचार अहिलेको आवश्यकता हो। यहि आवश्यकतालाई पुरा गर्नको लागि **जनप्रिय साप्ताहिक** परिवार अहोरात्र खटेको छ। त्यो मैले मेरै आँखा अगाडि झल्झली देखेको छु। त्यति मात्र हैन पत्रिका प्रकाशनमा अन्य धेरै बाधा व्यवधानहरु पनि छन्। एउटा पाठकको हातमा पत्रिका आँउदा कति कठिनाई झेलेको हुन्छ त्यो मैले राम्रोसँग बुझेको छु। पत्रिका अहिले विचार समुहको जस्तो पनि भएको छ। आफ्नो विचार मिल्नेले जस्तोसुकै कमजोरी गरे पनि बाहिर नल्याउने आफ्नो विचार नमिल्नेहरुको नभएका भ्रामक समाचार बाहिर ल्याउनेको पनि यहाँ कमि छैन। त्यो विचमा **जनप्रिय साप्ताहिकको** छुट्टै सकरात्मक पहिचान छ।

यो पहिचान आगामी दिनमा पनि निरन्तर कायम रहोस भन्दै **जनप्रिय साप्ताहिकले** आम नागरिकले खोजेको जस्तै समाचार सम्प्रेषण गर्न सकोस भनि पुनः पूर्ण सफलताको शुभकामना दिन चाहन्छु।

रविन्द्रलाल माझी
अध्यक्ष
पेसागत महासङ्घ नेपाल
सिन्धुली

७ श्रावण, २०८१



जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

हार्दिक बधाई
तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ। २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।

पार्वती सुनुवार
अध्यक्ष

एवम्

राजु वराल
उपाध्यक्ष

फिक्कल गाउँपालिका परिवार
खाडसाङ, सिन्धुली

# एमाले-कांग्रेस सत्ता सहकार्यः निराशाको यात्रा

**नवराज दाहाल**

**काठमाडौं**/पछिल्ला दिनमा नेपाली राजनीतिमा जे देखियो, त्यसलाई स्वाभाविक वा अस्वाभाविक के ठहर गर्ने भन्नेबारे समयले बताउला । पछिल्लो राजनीतिक घटनाक्रमलाई नियमित र सामान्य रूपमै लिनेहरूलाई पनि शायद यो राम्रोसँग थाहा होला कि जनतामा भएको आक्रोशलाई सम्बोधन गर्न नसकिएको खण्डमा भने संसद्का दुई ठूला दल मिलेर सरकार बनाउन खोजिएको यो अभ्यास हाम्रो राजनीतिक इतिहासको गलत अभ्यासका रूपमा दर्ज हुनेछ।

संसद्मा रहेका दुई ठूला र फरक विचार राख्ने दल एउटै ठाउँमा उभिएर सरकार चलाउने कुरा संसार मा कहीँ कतै अभ्यासमा सायदै देखिएको कुरा हो। विशेष परिस्थिति र राष्ट्रमा गम्भीर संकट निम्तिएका बेला सबै दल सम्मिलित सरकारसमेत बन्ने कुरा स्वाभाविक ठान्न सकिएला । तर देशमा अहिले न कुनै संकटको परिस्थिति छ न कुनै बाह्य आक्रमणको स्थिति नै, देशको सार्वभौमसत्तामाथि यतिखेर कहीँ कतैबाट प्रहार भएको पनि छैन ।

उसो त इटालियन राजनीतिक दार्शनिक तथा राजनीतिज्ञ मेकियाबेलीको भनाइ उद्धृत गर्दै राजनीतिमा सबै कुरा जायज हुन्छ भन्ने गरिन्छ। शासनमार्फत नै शक्ति हासिल हुने भएकाले राजनीतिक-शक्ति प्राप्त गर्न जेसुकै माध्यम गर्न सकिने मेकियाबेलीको तर्क हुने गर्दथ्यो ।

त्यही तर्क (कुतर्क) स्विकार्दा राजनीतिमा सबै कुरा जायज हुन्छ। हिजो नेपाली कांग्रेस र माओवादी एउटै चुनाव चिह्न लिएर लड्दा पनि पार्टी कार्यकर्ताले भोट हालेकै हुन्। सँगै चुनाव लडेर जादुई नम्बर ल्याउन सफल भएका प्रचण्डलाई दुई पटक प्रधानमन्त्री बन्ने अवसर प्रदान गरेकै हो । त्यसको अर्थ नेपाली समाज जे कुरा पनि सजिलै पचाउने हैसियत राख्छ, तर यसको मतलब यो पनि हैन कि सबै कुरा पचाउँदैमा त्यो जायज हुन्छ । नेपालीमा उखानै छ, 'भाँडो भरिएपछि पोखिन्छ।'

यो गठबन्धन साँच्चै देश विकास र जनतामा भएको चरम असन्तुष्टि सम्बोधन गर्नकै लागि बनाइएको हो भने सुखद हो । हाम्रो राजनीतिमा देखिएका समस्यालाई हल गर्ने उद्देश्यकै कारण दुई ठूला दल मिलेका हुन् भने राम्रो कुरा हो । दुई दलले इमानदारीपूर्वक काम गर्दा देशको कायापलटसमेत हुने सम्भावना छ । तर केही सीमित व्यक्तिलाई बचाउने आशयसहितको सीमित व्यक्तिकेन्द्रित शक्ति-अभ्यास हो भने देशका लागि दुर्भाग्य हो । 'हामी ठूला दलले चाहँदा जेसुकै गर्न सम्भव छ' भन्ने अहंकार र कुण्ठाको यो अन्तिम परिणाम हो भने देश र जनताका लागि यो परिघटना दुर्दशा हुनसक्छ।

'संसद भनेको प्रतिपक्षको हो' बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा प्रतिपक्षको हैसियतबारे यस्तो कथन प्रचलित छ । उदाहरणका लागि नजिकको छिमेकी भारतको पहिलो संसदको सत्र हेर्न सकिन्छ। १० वर्षसम्म एकछत्र राज गरेको भाजपालाई बलियो प्रतिपक्षी नेता राहुल गान्धीले संसदमा आच्छु आच्छु पारे। १०वर्ष झन्डै प्रतिपक्षी नेताविहीन संसदमा राज गरेका मोदीलाई यो पटक अनेकन जबाफ देहिताको कठघरामा उभिनुपर्नेछ । तर कांग्रेस र एमाले मिलेर सर कार बनाएपछि भने हाम्रो संसद प्रतिपक्षीविहीन जस्तै हुनेछ।

भर्खरै नयाँ दलका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति माथि लागेका केही आरोप र दलको आन्तरिक खिचातानीका कारण सो पार्टीको अबको संसदीय यात्रा 'दल र दलका सभापति बचाऊ' अभियानमा मात्र सीमित हुनेमा कहीँ कतै दुबिधा देखिँदैन । त्यस्तै प्रचण्ड नेतृत्वको माओवादी आफैँमा बलियो छैन र त्यस दलमा रहेका सांसद कुनै न कुनै काण्डमा डामिनुले पनि माओवादीमा पनि पार्टी अस्तित्व बचाउने अभियान मात्रै रहने छ । त्यसो हुँदा अब प्रतिपक्षमा रहने दलको स्वतः जनाधार कमजोर रहने देखिन्छ । त्यससँगै अबको संसदमा गगन थापा र केपी ओलीजस्ता सशक्त प्रतिपक्षी नेताको कमी रहनेछ।


बलियो प्रतिपक्षीबिनाको संसद आफैंमा निरंकुश रहनेछ । त्यस्तो संसदले लोकतान्त्रिक कामकार बाहीमा ठूलो असर पार्नेछ। कम जबाफदेहिता, सीमित बहस र छलफलले शक्तिको असन्तुलन सिर्जना गर्नेछ । दुई दलले चाहँदा जस्तासुकै कानून पारित गर्न सक्नेछन् । सँगै, यस्तो 'जुगलबन्दी' कारण जनतामा सरकार र लोकतन्त्रमाथि नै संशय पैदा गर्ने खतरा पनि रहन्छ। संक्षेपमा, बलियो विपक्षीको अनुपस्थितिले सिर्जना गर्ने अनेकन् खतरासँगै आरजु देउवाको परराष्ट्र मन्त्रालयको जिम्मेवारीले अन्तर्राष्ट्रिय प्रतिष्ठा पनि धरापमा पर्नेछ।

स्वस्थ लोकतन्त्रका लागि आवश्यक शक्ति सन्तुलनलाई बलिया दुई दलको नयाँ गठबन्धनले कमजोर पार्नेछ । विधायिका प्रक्रियालाई कमजोर बनाउनेछ र सार्वजनिक विश्वास र अन्तर्राष्ट्रिय धारणालाई असर गर्नेछ । अन्तमा, पछिल्लो समय धेरैजसो शीर्ष नेता र नजिकका सहयोगी कुनै न कुनै ठूला काण्डमा संलग्न भएका प्रमाण जुट्दै गएका कारण मात्रै देश ठूला दल जुटेको ठहर इतिहासले नगरोस् । नयाँ दल र स्वतन्त्र राजनीतिज्ञहरूको उदयलाई निस्तेज पार्नकै लागि स्थापित दलहरूको लगनगाँठो जोडिएको थियो भन्ने ठहर गर्दै भोलि यिनैलाई नामेट गर्न जनता उत्रेको देख्न नपरोस्।

बरु, निर्वाचन प्रणालीका कारण कसैको पनि बहुमत नआउने अवस्थालाई सच्च्याउँदै, समानुपातिक र समावेशी मर्मलाई कायम राख्दै झनै उन्नत व्यवस्था संविधानमा उल्लेख गर्न नयाँ गठबन्धन कामयाब रहोस् । द्रुत सूचनाको यस युगका जनता उल्लु छैनन्, तिनले हरेक दल, तिनका नेता र तिनका काम सतर्कतासाथ नियालिरहेका छन्। यस्तो अबस्थामा एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वले सुझबुझका साथ आफ्नो कामलाई अगाडि बढाउन जरुरी देखिएको छ।

# सार्वजनिक सम्पतिमा मान्छेहरूको नजर !

**सिन्धुली**/सिन्धुलीको कमला माविध्यमिक विद्यालय ढुंग्रेवासको जग्गाप्रकरणमा कमलामाई नगर पालिकाका प्रमुख र सिन्धुलीका प्रमुख जिल्ला अधिकारीसहित ६ जनालाई विपक्षी बनाई मुद्दा दायर गरिएपछि खैलाबेला मच्चिएको छ। सामुदायिक विद्यालयको सम्पत्तिको संरक्षण र उपभोग कसरी गर्ने भन्ने सोच र खाका बनाउने अधिकार प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको जिल्ला शिक्षा समितिको मूल जिम्मेवारी हुने भए पनि विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले गैरकानूनी तरि काले भाडामा लगाई भाडा उठाई खाइरहेको भन्दै, प्रजिअ भरत खनाल, जिल्ला समन्वय समितिका प्रमुख कार्साङ लामा, कमलामाईका नगरप्रमुख पोखरेल, कमला मावि ढुंग्रेबासका विद्यालय व्यवस्थापन समिति अध्यक्ष महेन्द्रप्रसाद ढकाल, विद्यालय प्रधानाध्यापक कमलेश चौधारी र कमलामाई नगरपालिका शिक्षा शाखालाई विपक्षी बनाइ सिन्धुलीको कमलामाई नगर पालिका - ६ बस्ने विजेन्द्र ठाकुरले उच्च अदालत पाटनमा मुद्दा दायर गरेपछि सिन्धुलीमा खैलाबेला मच्चिएको हो।



**के छ कानूनी व्यवस्था ?**

शिक्षा ऐन, २०२८ को दफा १६ ले सामुदायिक विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुने व्यवस्था गरेको हुँदा शिक्षा ऐन नियमको व्यवस्था बमोजिम मात्र विद्यालयको जग्गा प्रयोग हुन्छ । शिक्षा ऐन, नियममा करार कानुनको व्यवस्थाहरू लागु गर्ने तवरले करार गर्ने अधिकार विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई नभएको, शिक्षा ऐनको दफा ११ ले जिल्ला भित्रको विद्यालयहरूको रेखदेख र व्यवस्थापन गर्ने समेत जिल्ला शिक्षा समिति सिन्धुलीलाई दिए पनि शिक्षा समिति आफ्नो दायित्वबाट विमुख भएको भन्दै उच्च अदालत पाटनमा दायर गरिएको रिट निवेदनमा उल्लेख छ। सिन्धुलीमाढी २ नम्बर बजार स्थित मालपोत कार्यालय अगाडी कमला माध्यमिक विद्यालय ढुग्रेवासको नाममा दर्ता कायम रहेको सिद्धेश्वर ६-ख, कि.नं. ३३७ को १३५० १०. वर्ग किलोमिटर क्षेत्रफल जग्गा र सो जग्गामा केही टहराहरू व्यापारिक प्रयोजनको लागि विगत २० औं वर्षबाट विद्यालय व्यवस्थापन समितिले आफूखुसी भाडामा लगाएर आर्थिक अपचलन गरेको भन्दै, हाललाई घर भाडा आव्हान सम्बन्धी गलत निर्णयहरू उत्प्रेषणको आदेशले बदर गरी जग्गा एवं टहराहरू भाडामा लगाउने कार्य नगर्नु र भाडा सम्बन्धी कुनै बोलपत्र प्राप्त भएका भए हाललाई कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गरिएको छ।

त्यसैगरी कमला माविको नाममा भएको धेरै जग्गा जमिन पूर्व सञ्चालकहरू तथा हालका सञ्चालक समेतको मिलेमतोमा गैर कानुनी ढंगले कानुन हातमा लिएर शिक्षा ऐन, कानुन एवं नियमावलीको भावना विपरीत आफ्नो पैतृक सम्पत्ति अंश लिएर आफूखुसी बेचेजस्तो गरी जमिन विक्री गरी ठुलो हिनामिना समेत गरेको एवं पारदर्शी नगरी मिलेमतोमा गलत उपयोग समेत गरेको हुँदा सोको यथार्थ विवरण मागी निर्क्योल गरी सो विद्यालयको सम्पत्ति विद्यालय एवं समुदायको हितमा आउने गरी आवश्यक निर्देशन एवं प्रबन्ध गर्न समेत उपयुक्त आदेश दिन समेत रिट निवेदनमा माग गरेका छन्।

उच्च अदालत पाटनका न्यायाधीश हेमन्त रावलको इजलासमा २०५१ साल असार २७ भएको बहसमा अधिवक्ता द्वय कुमारप्रसाद घिमिरे र शान्तिराम खतिवडाले निवेदकका तर्फबाट माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सो समेत खुलाई म्याद सूचना प्राप्त गरेको मितिले बाटोका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १ को हकमा उच्च सरकारी वकिल कार्यालय, पाटन मार्फत र अन्य विपक्षीहरूको हकमा आफै वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ लिई यस अदालतमा उपस्थित हुन २०८१ साउन ६ गते आइतबारका लागि पेशी तोकिएको थियो।

अदालतको आदेश बमोजिम आइतवारनैं विद्यालयका प्र.अ., विद्यालय व्यवस्थापन समितिका पदाधिकारी अदालतमा उपस्थित भएको बिबरण सन्देश जनप्रियलाई प्राप्त भएको छ। अदालती कामका लागि विद्यालय प्रशासन शनिवारनैं काठमाडौं पुगेको थियो।


जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
घनश्याम देवकोटा
अध्यक्ष एवम
सिद्धेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
परिवार, सिन्धुली



जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


भरत खनाल
प्रमुख जिल्ला अधिकारी एवम
जिल्ला प्रशासन कार्यालय
सिन्धुलीमाढी





भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो हो इन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# जनपक्षीय पत्रकारिताको २२ वर्ष

**खबर हाम्रो फैसला तपाईको भन्ने मुल मन्त्रसहित सिन्धुलीबाट प्रकाशन प्रारंभ भएको सन्देश जनप्रिय साप्ताहिकले आजबाट आफ्नो प्रकाशनको २१ वर्ष पुरागरी २२ औं वर्षमा प्रवेश गरे को छ ।**

**यस अवधीमा जनताले भोगेका समस्याहरूलाई उठान गर्दा वा प्रकाशन गर्दा ज्यान मार्ने देखी अदालतमा मुद्धा हाल्नेसम्मका धम्कीका कैयन समस्याहरू भोगदासमेत हामीले जनताका आधार भूत अधिकारहरूको पक्षमा निरन्तर कमल चाइरह्यौं ।**

**समाचारको गहिराईसम्म पुगेर त्यसको चिरफार गर्ने र तथ्यको अधारमा सत्य स्थापित गराउँदै समाचार र बिचारहरू पाठकसामु पस्कने क्रममा भएको अवरोधहरूले हामीलाई अझ परिस्कृत र दर्बिलो मात्रै बनाएको छैन, जनताको अपार मायाँ र ममताले जनपक्षीय पत्रकारिता गर्न अभिप्रेरित गरेको छ । पत्रकारिता निश्पक्ष हुन सक्तैन तर तटस्थ हुनुपर्छ भन्ने कुरामा हामी दृढ छौं। हामी राजनीति गर्दैनौं तर शोषित पिडित जनताको पक्षमा भएका सबैखाले आन्दोलन होस् वा प्रतिरोध जनसंघर्ष किन नहोस् त्यसको पक्षमा भने निरन्तर वकालत गरिरहने छौं ।**

**गौरवपूर्ण आन्दोलनहरूबाट प्राप्त उपलब्धीहरूको रक्षा गर्न, कानूनी शासन र संघीय संरचनाको संस्थागत विकासका लागि हामी सरोकारवालासँग एकैसाथ हातेमालो गर्नेछौं । यहाँसम्म आउन सहयोग गर्ने आदरणीय पाठक, लेखक, विज्ञापनदाता एमव् समस्त शुभेच्छुकहरूले दिनुभएको अपार मायाँ र ममतालाई मार्गदर्शन मान्दै अझ परिस्कृत भएर अगाडि बढ्ने प्रण गर्दछौं ।**

# अबसरवादी राजनीतिलाई किनारा

पुष्पकमल दाहालको सत्ता राजनीति र संसदीय राजनीतिमा 'जादू' नम्बरको लगातारको चलखेलबाट थाकेका देशका दुई प्रमुख दलका अध्यक्ष केपी शर्मा ओली र शेर बहादुर देउवाले नयाँ मार्गचित्र बनाएका छन् । कम्तिमा अर्को आमनिर्वाचनसम्म राजनीतक स्थायित्व हुन्छ । संसदीय साझेदारीको दुर्लभ प्रदर्शनमा, संसदका दुई ठूला दलहरू सरकार गठन गरेर मुलुकलाई नयाँ गति दिने तर्फ अग्रसर भए ।

सहमतिअनुसार दुई दलले तीन वर्षको अवधिमा ओली र देउवाबीच सरकारको वैकल्पिक नेतृत्व गर्नेछ । ओलीले कार्यकालको प्रारम्भिक आधामा प्रधानमन्त्रीको रुपमा काम गर्नेछन् भने देउवाले आगामी आमनिर्वाचनसम्मको बाँकी अवधिको नेतृत्व गर्नेछन् । संघीय सरकारमा मन्त्रालयहरू समान रूपमा बाँडफाँड गरिनेछ र प्रदेशहरूमा मुख्यमन्त्रीहरूको पद पनि समान रूपमा बाँडफाँड गरिनेछ। सजिलो काम नभए पनि विशेषगरी निर्वाचन प्रणालीमा संविधान संशोधन गर्न दुवै दल सहमत भएका छन् ।

सहमति अनुसार नेपाली कांग्रेसले मधेस प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत दिएको सिके राउत नेतृत्वको जनता पार्टी सरकारमा सामेल भएको छ । अन्य प्रदेशमा नयाँ सरकार गठनलाई सहज बनाउन एमालेका मन्त्रीहरुले राजीनामा दिएका छन् । संघीय सरकारमा भएको शक्ति बाँडफाँड सम्झौता पछि दुवै दलले आ-आफ्नो केन्द्रीय बैठकमा उक्त सम्झौतालाई अनुमोदन गरेका छन् । विभिन्न पक्षबाट विभिन्न षड्यन्त्र र दबाबका बाबजुद सहमतिलाई इमान्दारी पूर्वक कार्यान्वयन गर्न दुवै दलका नेता प्रतिबद्ध छन् । यसपटक जनताले विगतलाई बेवास्ता गर्दै दुवै पक्षलाई शंकाको फाइदा दिएका छन् ।

ओली-देउवा गठबन्धनबाट स्तब्ध र आघातमा परेका दाहालले फेरि आफूलाई 'क्रान्तिकारी' र 'प्रगतिशील' नेताका रूपमा बदला लिने र विभिन्न मोर्चाबाट आन्दोलन बोलाउन सक्नेछन् । आफ्नो सरकार बचाउन सबै दल र विदेशी शक्तिसँग सम्झौता गर्ने दाहालको यो विशेषता हो । जहिले पनि सरकार छाड्छन्, विद्रोही देखिन्छन्, तर आजकल त्यस्तो राजनीति चल्दैन । उहाँको अर्को चरण अनिश्चित रहँदा, उहाँ माओवादी पार्टीको पतनमा एक टर्निंग प्वाइन्ट चिन्ह लगाउँदै प्रतिपक्षी नेताको रूपमा कमजोर स्थितिमा फर्किने सम्भावना छ ।

कतिपयले एउटै धारामा ओलीलाई फेरि प्रधानमन्त्री बनाउन नसकिने तर्क गरे पनि सर्वोच्च अदालतले सरकार गठनको सम्भावना देखिए एउटै धारा धेरै पटक लगाउन सकिने स्पष्ट आदेश दिएको छ ।

अहिलेको प्रमुख चिन्ताको विषय राजनीतिक स्थिरता र ओलीको दोस्रो प्रधानमन्त्री हुँदा २०२१ फेब्रुअरी १५ देखि १३ मे २०२१ सम्म थालिएका विकास निर्माणका कामको निरन्तरता हो। ओली तेस्रो पटक प्रधानमन्त्री बन्ने तयारीमा रहेकाले देशभर आशाको किरण फैलिएको छ। नेपालका समसामयिक राजनीतिज्ञहरूमध्ये ओली जनताको विश्वास जितेर दूरदृष्टि र विश्वासका नेताका रूपमा उभिएका छन्। त्यसैले नेपाली जनता भ्रामक राजनीतिबाट दिक्क भएकाले दुई प्रमुख दल बीच सत्ता बाँडफाँड गर्ने र ओली नेतृत्वको सरकार बनाउने सहमति लाई आशाको किरणका रूपमा हेरिएको छ ।

गत संसदीय चुनावमा कुनै पनि दलले सरकार गठन गर्न बहुमत हासिल गर्न सकेन, ●बाँकी ६ पेजमा

# कमरेड पुष्पलाल र नेपाली कम्युनिष्ट आन्दोलन

**हिरामान लामा**

पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीको संस्थापक महासचिव हुनुहुन्छ । उहाँकै नेतृत्व र पहलकदमीमा गोविन्द निरञ्जन वैद्य, रामविलास जोसी, नरबहादुर कर्माचार्य र मोती देवी श्रेष्ठ पाँच जनाको उपस्थितिमा २००६ साल वैशाख १० गते भारतको कोलकाता सहरमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । त्यति बेला नेपालमा जहानियाँ राणाशासनको चरम दमन थियो। राजनीतिक पार्टीमाथि कडा प्रतिबन्ध लगाइएको थियो ।

नेपालमै बसेर राजनीतिक दल खोल्न नपाइने भएको २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस पार्टी पनि भारतमै गठन गरिएको थियो र २००५ सालमै राष्ट्रिय नेपाली कांग्रेसलाई समेत मिलाएर विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेस पार्टीको स्थापना पनि भारतमै गरिएको थियो ।

१९९७ सालको माघ १० देखि १६ गतेभित्र राणाशासन बिरुद्ध आवाज उठाएको आरोपमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ सहित चार जना युवालाई फाँसी दिएर हत्या गरेका कारण एकातिर नेपाली जनताको बीचमा भयावहको स्थिति पैदा भएको थियो भने अर्कोतिर सय वर्ष पार गरिसकेको जहानियाँ राणाशासनका विरुद्ध विद्रोहको लहर चलिरहेको थियो । त्यही बेला नेपालमा उपयुक्त वातावरण नभएका कारण छुट्टाछुट्टै दर्शन, सिद्धान्त, राजनीति र उद्देश्य बोकेका कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीको स्थापना विदेशी भूमि भारतमा गर्नुपरेको तथ्यहरुले पुष्टि गरेको छ ।

पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनका धरोहर, कर्मठ, निर्भीक, निडर र क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । उहाँले कठोर अवस्थामा नेपाल कम्युनिस्ट पार्टीको स्थापना मात्र गर्नु भएन उहाँले नेपाली समाजको रूपान्तरण गर्न र महान नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने सुन्दर सपना र मार्ग चित्र पनि देखाउनुभयो। बाम तथा प्रगतिशिल शक्ति र प्रजातान्त्रिक भनिएका शक्तिसँगको सहकार्यले मात्रै नेपालमा निरंकुशताको अन्त्य हुन्छ भन्ने प्रष्ट मान्यता बोक्नु भएका उहाँले आफ्ना बैरीहरूका सामु शिर नझुकाई कठोर जीवन बिताउनुभयो । तत्कालीन निरंकुश सरकारको दमन र जर्जर आर्थिक अवस्थाको कुनै परवाह नगरी आफ्नो क्रान्तिकारी सिद्धान्त, दर्शन र व्यवहारलाई सबैका सामु आदर्श सावित गराउनुभयो । उहाँले जनताको भविष्य र देशको भविष्य तथा वर्गीय मुक्ति बिना नेपाली क्रान्तिको कुनै भविष्य नरहेको प्रष्ट पार्नुभयो ।

उहाँले आफ्नो, परिवारको, र आफन्तजनको सुखसुविधाप्रति कहिल्यै पनि सोच्नुभएन । उहाँले आफ्नो सम्पूर्ण जीवन नेपाली क्रान्ति, नेपाल राष्ट्र र नेपाली जनताको हितमा समर्पण गर्नुभयो । यी विषयको साक्षी ७५ वर्षीय नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास छ ।

२०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले सैनिक 'कु' गरेर प्रजातान्त्रिक बहुदलीय व्यवस्थालाई अपदस्त गरी निरंकुश, निर्दलीय र तानाशाही पञ्चायती व्यवस्थाको स्थापना गरेपश्चात राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो । कांग्रेस-कम्युनिस्ट पार्टीका कैयौं नेताकार्यकर्ता गिरफ्तार गरेर पञ्चायती जेलमा कोचियो भने कांग्रेस-कम्युनिस्ट पार्टीका नेता कार्यकर्ता पुनः भारत प्रवासमा निर्वासित हुन बाध्य भए। यता नेपालमा भने कांग्रेस-कम्युनिस्टले आ-आफ्ना पार्टीलाई भूमिगत शैलीमा ढालेर पार्टी राजनीतिलाई अगाडि बढाउने नीति लिए । पुष्पलाल पनि भारतमा निर्वासित हुन बाध्य हुनुभयो । २०१७ सालमा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यको नेतृत्वमा केन्द्रीय समिति निर्माण गऱ्यो । उक्त नेतृत्वले सही नेतृत्व प्रदान गर्न सकेन । २०२० देखी २०२२ सालसम्म नेपाल कम्युनिस्ट आन्दोलन फुटेर टुक्रा-टुक्रा हुन पुग्यो । २०२५ सालमा कमरेड पुष्पलालले भारतको गोर खपुरमा नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्नुभयो । एकातिर उहाँले नेपाली क्रान्तिको क्रान्तिकारी कार्यक्रम 'नयाँ जनवादी क्रान्ति'को कार्यक्रम पारित गरेर वर्गसंघर्षको कडीलाई नेपाली क्रान्तिको प्रमुख आधार बनाउनुभयो भने अर्कोतिर उहाँले विभाजित नेपाली कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्ने प्रयास गर्नुभयो जुन अहिले नेकपा एमालेले सोही क्रमलाई निरन्तरता दिइरहेको छ ।

बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापनाका निम्ति नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीबीच सहकार्यको नीति अगाडि सार्नुभयो । एकातिर कांग्रेस घोर कम्युनिस्ट विरोधी भएकाले उसले कम्युनिस्टसित मिलेर पञ्चायती व्यवस्थालाई फाल्न तयार भएन अर्कोतिर कम्युनिस्टसँग भएको संकिर्ण विचारका कारणले गर्दा पुष्पलालको जीवनकालभरि उहाँले अगाडि सारेको राष्ट्रिय सहमतिको नीति कार्यान्वयन हुन सकेन । देशभित्र तानाशाही पञ्चायती व्यवस्थाको चरम दमनका कारण कमरेड पुष्पलाल नेपाल फर्कन सक्नुभएन भने भारत निर्वासनमा बसेका बेला चरम आर्थिक अभावका कारण समयमै औषधि उपचार गर्न नपाएर ५४ वर्षकै उमेरमा अल्पायुमै अर्थात २०३५ साल साउन ७ गते भारतको राजधानी नयाँ दिल्लीमा उहाँको दुखद निधन भयो । त्यस बेला उहाँले श्राद्ध गरेको पिण्ड खाएर बाँच्नु भएको जीवनी हामीले पढ्न पाउँछौं ।

एकातिर नेपाली कम्युनिस्ट आन्दोलनभित्र पुष्पलालको देशभक्त क्रान्तिकारी योद्धाको आदर्शमयी विरासतको बलिदानको गौरवपूर्ण गाथा छ भने आज अर्कोतिर पुष्पलाल शिष्य र चेलाचपेटा फरक-फरक नाम दिएर संसदीय व्यवस्थामा रमाइरहेका छन् ।

यतिबेला नेपाली कम्युनिस्ट आन्दोलन पुष्पलालले बोक्नु भएको बिचारकै वरिपरि घुमिरहेको छ। नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाह नेकपा एमाले र नेपाली कांग्रेसको सहकार्यमा सरकार निर्माण भएको छ। नेपालको कांग्रेस र कम्युनिष्ट मिलेर मात्रै राजतन्त्र फाल्न सकिन्छ भन्ने पुष्पलालको विचारलाई पछ्याउँदै अहिले देशमा भएका तमामा अराजकता र संकटलाई परास्त गर्न फेरी पनि एमाले र कांग्रेस एकै ठाउँमा उभिनु परेको छ । यो सहकार्यले मात्रै नेपालको बृहत्तर विकास र सम्वृद्धि सम्भव छ ।

यतिबेला नेपाली कम्युनिस्ट आन्दोलन तुलनात्मक रूपले कमजोर बनिरहेको छ र पुष्पलालको बिचारबाट अगाडि बढेर मात्रै यसलाई बलियो बनाउन सकिन्छ भन्ने कुरालाई नेपालका कम्युनिष्ट पार्टीहरुले बुझ्न जरुरी छ ।

पुष्पलाल स्मृति दिवशका अबसर मा नेपाली नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने रणनीतिक तथा कार्यनीतिक योजनाका साथ अगाडि बढ्ने प्रतिबद्धता जाहेर गर्नु नै पुष्पलालप्रति सच्चा श्रद्धाञ्जली दिएको ठहर्नेछ ।

# एमाले-कांग्रेसको सत्ता सहकार्य र जनअपेक्षा



**कृष्ण गौतम**

पछिल्लो घटनाक्रम महिना दिनअघि शुरू भए पनि कांग्रेस-एमाले मिलेर सरकार बनाई माओवादीलगायत 'उथलपुथलको दोकान' बन्द गर्ने ओलीको सपना उहिल्यैको हो । साकार हुने लेनमा छिरेको मात्र अहिले हो। पछिल्लो आमचुनाव (२०७९) मा कांग्रेस र एमाले दुवैले कम्तीमा माओवादीसँग गठबन्धन नगर्ने भद्र सहमतिको प्रस्ताव ओलीले डा. रिजालमार्फतै चुनावभन्दा केही महिनाअघि देउवा समक्ष पुऱ्याएका थिए। देउवाको 'किचेन क्याबिनेट' ले प्रस्तावमा असहमति व्यक्त गरिहाल्यो।

त्यसबखत प्रधानमन्त्री रहेका देउवा पूर्वसहमतिअनुरूप आमचुनावपछि प्रचण्ड नै प्रधानमन्त्री बन्ने/बनाउने कुरामा कुनै अलमलमा थिएनन्। आमचुनावपछिप्रचण्ड नै प्रधानमन्त्री बन्ने कुरा उनी विश्वासपात्रहरूलाई सुनाउँथे, सम्झाउँथे। त्यसैले प्रचण्ड नेतृत्वको सरकारमा उपप्रधानमन्त्री बन्ने सपना देखिरहेकाहरूको कुरा नसुनी ठण्डा दिमागले सोच्न रिजालले उनका देउवा दाइलाई अनुरोध पनि गरे।

२०७९ को आमचुनावपछि दुई ठूला दलको छेउछाउमै नपुग्ने तेस्रो दल माओवादीले कांग्रेस-एमालेलाई बिरालाले मुसा खेलाएझैं खेलाउँदै सरकारको नेतृत्व गर्न थालेपछि चाहिँ डा. शेखर कोइराला, गगन थापाले पनि एमालेसँग गठबन्धन गरी संविधान संशोधनमार्फत् निर्वाचन प्रणाली फेरबदल गर्नुपर्ने बताउन थालेका हुन्। अघिदेखि नै एमालेसँगको गठबन्धनका पक्षधर डा. रिजालले त फुर्सत्को समय (कांग्रेसको केन्द्रीय सदस्यबाहेक जिम्मेवारी नभएका रिजाल आफूलाई स्वघोषित बेरोजगार नेता भन्ने गर्छन्) सदुपयोग गर्दै निर्वाचन प्रणाली परिमार्जनको गृहकार्य पनि गरिरहेका छन्।

त्यसबीचमा एमाले अध्यक्ष ओलीले कुनै बेला शेखर र गगन, मिनेन्द्रसँग बिहान कुखुरा बास्ने बेलासम्म लामा लामा गफगाफ गरे नै, अनिल रुंगटा (कांग्रेस केन्द्रीय सदस्य) सम्मले कांग्रेस-एमाले मिल्नुपर्ने पाठ पढेर फर्के।

माओवादी साह्रै सानो हुँदा प्रतिस्पर्धी एमाले नै झन् बलियो हुने देउवाको विश्लेषण छँदै थियो, ओलीसँग इगो पालेर बसेको दक्षिणको कारण पनि उनले यो प्रस्ताव मानेका थिएनन्। तर अकारण कांग्रेससँग छुट्टिएर एमालेसँग गठबन्धन गर्न बुर्कुसी मारेपछि देउवा प्रचण्डसँग दिक्क भए नै, बढ्ता बढ्याइँ गर्न थाले पछि दक्षिण पनि दाहिना भइराखेन। आफैले बीआरआई कार्यान्वयन सम्झौताको तयारी गर्न अहाई दक्षिणलाई स्याँस्याँ फ्याँफ्याँ हुने गरी दौडाएर अन्तिममा रोक्न लगाई 'देख्यौ त मैले आखिरमा रोक्दिएँ नि' भन्ने उनको बढ्याइँले बुमऱ्याङ गऱ्यो। भस्किएका पश्चिमाहरु !

सम्भवतः महाशक्तिलाई पनि भस्कायो । अन्ततः देउवा नै कस्सिए पछि ओली तयार नहुने कुरै थिएन। प्रचण्डबाट धोका खाएर चारतारा देखिरहेका बेला प्रतिनिधिसभामा 'धोका खाएकाहरू सबै एकै ठाउँ हुने हो भने तपाईंको हालत के होला?' भन्ने रमेश लेखक नै यसपालि देउवाको दूतका रूपमा एमालेसँग कुरा मिलाउन सबै भन्दा बढी खटिए।

एमालेसँग साझेदारी शुरू हुने सुनिश्चित भएपछि साझेदारीका पक्षधरहरू नै निश्चिन्त चाहिँ छैनन्। निर्वाचन प्रणाली परिमार्जनका लागि मात्र संविधान संशोधन चाहे पनि भोलि देशी/विदेशी खेलमा संविधानको मूल मर्ममा प्रहार हुने गरी संशोधनको अवस्था आउने त होइन भन्ने त्रास छ फेरि सत्ता हस्तान्तरणमा ओलीको रेकर्ड देउवाको जति पनि अड्कोरहित छैन। त्यसकारण देउवाको पनि नेकपा सरकारकालीन प्रचण्डकैहालत हुने त होइन भन्ने आशंका पनि छ।

संविधान संशोधनको फाइलै नखुली समय बित्ने हो कि भन्ने अर्को शंका पनि छैन। उमेरको पाको पन पछि देखिइसकेका देउवाले ओ लीलाई कसरी ट्याकल गर्लान् भन्ने चिन्ता पनि सामुन्ने छ "कांग्रेस यसै पनि मन्द विषपान गरिरहेको थियो," रिजाल थप्छन्, "सरकार र पार्टी संगठन पुरानै पाराले चलाइरहे एमालेसँगको साझेदारी हारांकिरी हुन पनि सक्छ।" माओवादीलाई दुई ठूला पार्टीसँग गठबन्धन गर्नबाट रोकेर आउने चुनावमा कमभन्दा कम सिटमा रोक्ने ओलीको सपना पूरा हुन्छ कि यही संसद्बाटै प्रचण्ड पुनश्चः प्रधानमन्त्री बन्छन् भन्ने ठोकुवा गर्न त हजार जिब्रा भएका शेषनागले पनि नसक्लान् ?

# कोरियाली गाई बिस्तारः नगरपालिका किन पछाडि फर्कदैं

□ लेख बहादुर राउत

सिन्धुली/कमलामाई नगरपालिका -५ का भोला अधिकारीको पुर्ख्यौली पेसा भैंसीपालन हो । उनका हजुरबुबाको पालादेखि नै गोठमा चारपाँच वटा गाईभैंसी टुटेनन् । "हाम्रो निर्वाहमुखी पशुपालन हो । दूध खानलाई पाल्दै आएका हौँ । बढी भएको दुईचार लिटर बिक्री गर्थ्यौं" उनी भन्छन् । तर अब अधिकारीले पशुपालनमा फड्को मारेका छन् । धेरै दूध दिने पशु पाल्ने र आयआर्जनको मुख्य स्रोत बनाउने उनको उद्देश्य छ। उनको गोठमा अहिले होलस्टाइन जातको एउटा गाई छ। पाँच महिना अघि ब्याएको उक्त गाईले दैनिक ३६ लिटरसम्म दूध दियो। अहिले पनि दैनिक ३० देखि ३२ लिटर दूध दिन्छ। स्थानीय जातका गाईले भन्दा ६ गुना बढी दूध दिएपछि उनी मक्ख छन् । यी गाई चारपटक दुहुन्पर्छ ।

अधिकारीले २०७९ माघमा होलस्टाइन जातको गाईको ६ महिनाको बाछी गोठमा भित्र्याएका थिए। कोरियाका डेरी फार्म, किसान, विद्यार्थीलगायतले नेपाल सरकार लाई १०० वटा गाई र आठ वटा बहर प्रदान गरेका थिए।

कोरियामा पनि किसानले यही जातका गाई पाल्ने गरेका छन् । कोरिया युद्धपछि हेफर इन्टरनेशनलले त्यहाँका किसानलाई उन्नत जातका गाई प्रदान गरेको थियो । ती गाईबाट नश्ल सुधार गरेर देशव्यापी बनाइयो । यही कारण दूध उत्पादन बढेर कोरिया आत्मनिर्भर भएको छ। किसानले कोरिया सरकारलाई उपलब्ध गराएका गाई त्यहाँको कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्रालयमार्फत नेपाल सरकारलाई प्रदान गरिएको हो । त्यसका लागि कोरियामा हेफर इन्टरनेशनल कोरिया र नेपालमा हेफर इन्टरनेशनल नेपालले सहजीकरण गरेका थिए।

कोरियाबाट गाई र बहरको पहिलो खेप २०७९ पुस ७ गते जहाज मार्फत नेपाल ल्याइएको थियो । हेफर इन्टरनेशनलका कार्यक्रम निर्देशक डा. केशव साहका अनुसार कोरियाबाट ल्याइएका १०० बाछीमध्ये ८० वटा सिन्धुलीको कमलामाई नगरपालिकाका ५१ किसान परिवारलाई वितरण गरिएको छ।

पशु स्वास्थ्य सेवा विभागका अनुसार नौ वटा बाछी राष्ट्रिय पशु प्रजनन केन्द्र पोखरा लगायतका सरकारी निकायलाई दिइएको थियो । तीमध्ये एउटा ब्याइसकेको छ र बाँकी ब्याउने अवस्थामा रहेको पशु प्रजनन केन्द्र पोखराका प्रमुख डा. जगदीश पाण्डे बताउँछन् ।

कमलामाई नगरपालिकामा वितरण गरिएका ८० गाईमध्ये सात वटा गत वर्षको लम्की स्किन महामारीले र दुई वटा उच्च ज्वरोका कारण मरे । बाँकी ७१ मध्ये ४० गाई ब्याइसकेका छन् । यी गाईले दिएको दूधको परिणामका कारण किसान हौसिएका छन् ।

कमलामाई नगरपालिका-५ की यशोदा खतिवडासँग होलस्टाइन जातका दुई वटा गाई छन् । ती दुई वटै ब्याइसकेका छन् । दुई महिना अघि ब्याएको एउटा गाइले दैनिक ३४ लिटर दूध दिन्छ । उनले यसअघि जर्सीलगायत स्थानीय जातका गाई पाल्थिन् ।


अहिले पनि उनको गोठमा स्थानीय जातका गाई छन् । ती गाईले दिनमा आठ–नौ लिटर मात्र दूध दिने उनी बताउँछिन् । "स्थानीय जातका गाइले दिने दूधको तुलनामा झण्डै चार दोब्बर हुन्छ । धेरै गाई पाल्नुभन्दा धेरै दूध दिने थोरै गाई पाल्नु राम्रो," खतिवडा भन्छिन्, "उन्नत जातका ठूला गाईलाई राखेर बिस्तारै साना गाईलाई हटाउने योजना छ।"

सोही ठाउँका सुरुतोमप्रसाद अधिकारी चार वटा जर्सी गाईले दिने बराबर दूध एउटा होलस्टाइन जातको गाइले नै दिने बताउँछन् । उनले पाएका दुईवटै गाई ब्याइसकेका छन् । "चारवटा गाईले दिने दूध एउटा गाईले दिएको छ । धेरै गाई पाल्नुभन्दा किसानका लागि राम्रो र थोरै गाई पाल्नु ठीक छ," उनी सुनाउँछन् ।

स्थानीय जातका दुई वटा गाईले खाने घाँस, पराल र दाना होलस्टाइन एउटै गाईलाई दिनुपर्ने किसान बताउँछन् । व्यावसायिक पशुपालन गर्ने किसानलाई उन्नत जातका गाई पाल्दा फाइदा हुने स्थानीय भोला अधिकारीको अनुभव छ । उनी भन्छन्, "धेरै दूध दिने थोरै गाई पाल्दा समय र जनशक्ति बचत हुन्छ। उन्नत जातको गाईले वर्षैभर जस्तो दूध दिन्छ गत फागुनमा ब्याएको गाईमा बहर लागिसकेको छ।"

**देशभर फैलाउने योजना**

उन्नत जातका गाईलाई कृत्रिम गर्भाधान गरेर नश्ल सुधारमार्फत देशभर फैलाउने सरकारको योजना छ । पशु चिकित्सकसमेत रहेका



हेफर इन्टरनेसनलका निर्देशक साहका अनुसार शतप्रतिशत होलस्टाइन जातका साँढेको सिमेन (वीर्य) स्थानीय गाईमा लगाउँदा तीनदेखि चार पुस्तापछि शतप्रतिशत नश्ल सुधार हुन्छ। "देशभर गाई वितरण गरेर सम्भव हुन्न । नश्ल सुधार नै उन्नत पशु बनाउने उपाय हो," साह भन्छन् ।

राष्ट्रिय पशु प्रजनन केन्द्र पोखराका अनुसार त्यहाँ राखिएका ६ वटा साँढेबाट संकलन गरिएको सिमेन साउनदेखि वितरण गर्ने तयारी छ। त्यति बेला ल्याइएका होलस्टाइन जातका दुई वटा वयस्क साँढे राष्ट्रिय पशु प्रजनन कार्यालय लहानमा राखिएको थियो। ती साँढे बाट पनि ५० हजार डोजभन्दा बढी सिमेन संकलन भएको छ । यसरी संकलन गरिएको सिमेन विभिन्न पशु सेवा केन्द्रमार्फत गाईमा लगाइने प्रजनन केन्द्र पोखराका प्रमुख डा. पाण्डे बताउँछन्।

कमलामाईमा ५१ परिवारलाई हस्तान्तरण गरिएका गाईबाट जन्मिएका बाछी अन्य किसानलाई वितरण गरिने छ। राम्रा खालका बाछा भने सिमेन संकलनका लागि सरकारलाई हस्तान्तरण गरिने कमलामाई सामाजिक उद्यमी महिला दूध सहकारीकी अध्यक्ष गुणकुमारी घिमिरे बताउँछिन् ।

कोरियाबाट ल्याइएका उन्नत जातका गाईलाई कृत्रिम गर्भाधान मार्फत वंशानुगत सुधार गरी पाँच वर्षमा करिब १० हजार लिटर दूध उत्पादन गर्ने लक्ष्य छ। यसको व्यवस्थापन सहकारीमार्फत गरिने छ । त्यसका लागि कमलामाई सामाजिक उद्यमी महिला दूध सहकारी संस्था गठन गरिएको छ। सहकारी अध्यक्ष घिमिरेका अनुसार दूध संकलन गर्ने, उत्पादित दूधलाई बजारसम्म पुर्‍याउने, दूधबाट विभिन्न परिकार उत्पादन गरेर विविधिकरण गर्ने योजना छ । "सहकारी आफैँले दाना तथा घाँस बिक्री गर्छ। गाईको बीमा, उपचार लगायत सबै काम सहकारीकै माध्यमबाट हुन्छ, किसानलाई बाहिर जानु पर्दैन," उनी भन्छिन्, "दीर्घकालीन रूपमा आफैं सक्षम हुनका लागि सहकारी मोडलबाट जान खोजिरहेका छौँ। एकाधिकार तोड्नलाई पनि बलियो संरचनाको आवश्यकता छ।"

कोरियाबाट ल्याइएका गाई नब्याउँदासम्म बजारमा दूधको मूल्य प्रतिलिटर ७५ रुपैयाँ थियो। ती गाई ब्याएर उत्पादन बढेपछि दूध संकलन गर्ने निजी डेरीले मूल्य घटाएका छन् । त्यस कारण पनि आफ्नै संकलन केन्द्र आवश्यक रहेको उनी बताउँछिन् । उनका अनुसार ४० वटा होलस्टाइन जातका गाई ब्याउँदा ८०० देखि एक हजार लिटरसम्म दूध उत्पादन बढेको छ।

**पाल्न सिकाउँदै कोरियन प्राविधिक**

पशुलाई स्याहार गर्न, दाना खुवाउन, उपचार गर्न र गोठ व्यवस्थापन लगायतको ज्ञान दिन कोरियाबाटै पशु चिकित्सक तथा प्राविधिकहरू आएका छन् । नेपाली किसानहरू लाई गाई मात्र नदिएर आवश्यक पर्ने प्राविधिक ज्ञान र पशु उपचारको विधि व्यावहारिक रूपमै सिकाउन चिकित्सक र प्राविधिकहरू आएको हेफर इन्टरनेसनल कोरियाकी प्रमुख हेवन ली बताउँछिन् ।

"कोरियादेखि यहाँसम्म आएर सधैँभरि समस्या समाधान गर्न सम्भव हुँदैन । हामी आवश्यक सम्पूर्ण ज्ञान यहाँका किसानलाई सिकाइरहेका छौँ," उनी भन्छिन्, "यो दिगो समाधानको उपाय हो ।"

गाईका लागि आधुनिक गोठ निर्माण गरिएको छ। घाँस, पानी र दाना खेर नजाने गरी बनाइएको गोठमा गर्मीमा पंखा तथा २४ घण्टा नै स्वच्छ पानीको व्यवस्था छ । गाई बस्ने ठाउँमा म्याट ओछ्याइएको छ भने पिसाब संकलन गर्ने व्यवस्था पनि छ । त्यसैगरी लामखुट्टेबाट बचाउन जाली लगाइएको छ।

स्थानीय किसानले पशुलाई दाना खुवाउने, त्यसको स्याहार गर्ने तरिकाबारे पनि सिकेका छन्। "पहिला बारीमा घाँस पराल हुँदा टन्न दिन्थ्यौं । नभएको बेला कहिले काहीं भोकै पनि हुन्थे," किसान भोला अधिकारी भन्छन्, "त्यस्तो गर्नु गलत रहेछ। पेटमा बच्चा भएदेखि नै पशुलाई सन्तुलित रूपमा पौष्टिक आहारा दिनुपर्ने रहेछ।"

घाँसलाई काटेर हरियो र सुकेको मिलाएर पशुको उमेर र तौलअनुसार तौलेर मात्र दिने गरिएको अधिकारी बताउँछन्। गोठ निर्माण, घाँसको बीउ वितरणलगायत काममा कमलामाई नगरपालिकाले पनि लगानी गरेको छ।

नगरपालिकाका प्रमुख उपेन्द्रकुमार पोखरेल किसानहरूको आर्थिक अवस्थामा सुधार ल्याउन उन्नत पशुपालनले सहयोग गर्ने बताउँछन्। उनका अनुसार अहिलेसम्म नगर पालिकाले किसानलाई ८५ लाख रुपैयाँ बराबर सहयोग गरिसकेको छ। "कमलामाईलाई नेपालकै नमूना डेरी भिलेज बनाउने हाम्रो प्रयत्न हो, त्यसकारण नगरपालिकाले किसानलाई सहयोग गरिरहेको छ," उनी भन्छन् ।

किसानले सिकेको ज्ञानले पशुपालनलाई सहज त बनाएको छ नै वनको क्षयीकरण र दाउरा बाल्दा हुने उत्सर्जन पनि कम हुने विश्वास गरिएको छ । पशुलाई सुधारिएको गोठमा कम घाँस लाग्ने र त्यसबाट घाँसमा जंगलको निर्भरता घट्ने सहकारीकी अध्यक्ष घिमिरे बताउँछिन् । "अहिले गाई पालेका घरमा गोबर ग्यास निर्माण भएको छ । यसले दाउरा खोज्न जंगल जानुपर्ने र ग्यास (एलपी) बाल्नुपर्ने अवस्थाको अन्त्य भएको छ," उनी भन्छिन्, "किसानले गाईको लागि आफ्नो बारीमा पनि विभिन्न डाले घाँस र छरुवा घाँस लगाउनुभएको छ । वातावणकै लागि पनि राम्रो भयो।"

सरकारले संयुक्त राष्ट्रसंघीय जलवायु संरचना महासन्धि (यूएनएफसीसीसी)मा बुझाएको दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडीसी) मा बुझाएको प्रतिवेदनमा सन् २०३० सम्ममा कुल भूभागको ४५ प्रतिशत जमिन वन कायम राख्ने र सुधारिएको गोठको संख्या पाँच लाख पुर्‍याउने लक्ष्य लिएको छ । स्थानीयस्तरमा निर्माण गरिने सुधारिएको गोठ निर्माणको कामले सरकारको लक्ष्यलाई सहयोग पुग्ने वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख बुद्धि पौडेल बताउँछन् ।

**जोखिमको भय**

उन्नत पशुपालन गर्दा त्यसबाट प्राप्त हुने दूधले जति लाभ छ, जोखिमको भय पनि उत्तिकै छ । किसान सुरुत्तोमप्रसाद अधिकारीका अनुसार कति बेला गाई बिरामी हुन्छ थाहा नै हुँदैन। "एक्कासी ज्वरो आउँछ अनि थुनेलो हुन्छ। अचानक यस्तो हुन्छ, थाहा नै हुन्न," उनी भन्छन्, "धेरै संवेदनशील छ ।"

उनले पालेको एउटा गाई उच्च ज्वरोका कारण अन्तिम अवस्थामा पुगेको थियो । पशु चिकित्सकले उपचार गरेपछि निको भएको छ । सियोल डेरी सहकारीको पाजु डेरी क्लिनिकका डा. हुँगाक ली एउटा हावापानीमा हुर्केका गाईहरू फरक हावापानीमा आउँदा केही समस्या देखिएको बताउँछन् ।

"यसपटक धेरै गर्मी पनि भयो, त्यसैले केही गाईमा उच्च ज्वरोलगायत समस्या देखिएको हो," उनी भन्छन्, "हामीले सोचेभन्दा धेरै राम्रो र सफल भएको छ यी गाईबाट जन्मेका बाछाबाछीमा कम समस्या देखिन्छ । किनभने यिनीहरू यहींकै हावापानीमा जन्मेका छन् ।"

# सामुदायिक वनबाट एक करोड राजस्व संकलन

सिन्धुली/डिभिजन वन कार्यालय सिन्धुलीले गत आर्थिक वर्ष २०८०/८१ मा १ करोड ६१ लाख ५९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले उपलब्ध गराएको गत आवको मुख्य कार्यसम्पादन सूचकहरुको वार्षिक प्रगति विवरणमा उक्त तथ्यांक उल्लेख गरिएको पाइएको हो।

डिभिजन वन कार्यालय सिन्धुलीका प्रमुख प्रल्हाद प्रसाद घितालका अनुसार राजस्व आम्दानी सबैभन्दा बढी सामुदायिक वनबाट भएको देखिएको छ। सामुदायिक वनबाट मात्रै १ करोड २५ लाख ४५ हजार ३३९ रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । यो कूल राजस्व आम्दानीको ७७.६३ प्रतिशत हो।

यस्तै निजी वन/निजी आवादीबाट ३० लाख ८५ हजार ६२१ रुपैयाँ आम्दानी भएको विवरणमा उल्लेख छ । गैरकाष्ठ वन पैदावारबाट ३ लाख ९६ हजार ४१५ रुपैयाँ तथा वन पैदावारमा आधारित उद्योग दर्ताबापतको राजस्व १ लाख ३२ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार गत आवमा जिल्लाबाट कूल १ लाख छ हजार ६७६ क्युफिट काठ उत्पादन भएको छ । सामुदायिक वनबाट ६६ हजार २५ क्युफिट तथा निजी वन/निजी आवादीबाट ४० हजार ६५१ क्युफिट काठ उत्पादन भएको प्रमुख घितालले जानकारी दिए। यसैगरी सामुदायिक वनबाट १०८.५ चट्टा तथा निजी वन/निजी आवादीबाट ३६.८५ चट्टा गरी कूल १४५.४ चट्टा दाउरा उत्पादन भएको विवरणमा उल्लेख छ।

कार्यालयले गत आवमा विभिन्न प्रजातिका ९ हजार ६०० बिरुवा खरिद गरेको जनाएको छ। वर्षभरिमा ६४ हजार वटा बिरुवा उत्पादन गरेको जनाएको छ । फलफूलका बिरुवा ८ हजार १६५ र बाँसका बिरुवा ५ हजार ६०० उत्पादन भएको जनाएको छ । कार्यालयले उक्त आवमा १९ हजार ७८० वटा बिरुवा वितरण गरेको विवरणमा उल्लेख छ।

जिल्लाका कूल १५ हेक्टर वन क्षेत्रमध्ये सामुदायिक वनको ७.५० हेक्टरमा ३ हजार वटा बाँसका बिरुवा रोपण गरिएको जनाएको छ । नदी उकास पर्ती जग्गाको १ हेक्टर क्षेत्रमा राइजोम बाँस ४०० वटा रोपण गर्नुका साथै निजी जग्गामा रोपणका लागि २२ सय वटा बाँस वितरण गरिएको प्रमुख घितालले बताए।

जिल्लामा हालसम्म हस्तान्तरित सामुदायिक वनको संख्या ३१३ रहेको पाइएको छ। यस्तो वन ६२ हजार १९२.०६ हेक्टर क्षेत्रफलमा फैलिएको कार्यालयले जनाएको छ। कूल २१८ वटा कवुलियती वनले १ हजार ३७२.५२ हेक्टर क्षेत्रफल ओगटेको विवरणमा उल्लेख छ। यस्तै निजी वन ९ वटा रहेकामा यस्तो वनले ६.८२ हेक्टर क्षेत्रफल ओगटेको देखिएको छ।

जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
उद्धव प्रसाद दाहाल
प्रोपाइटर एवम
सिर्जना निर्माण सेवा परिवार
मधुटार, सिन्धुलीमाढी

# अन्जु राजवंशीको छोटोकथा : अस्तित्व

"डायरीमा आफ्नो सीप देखाउनेको पहिचान के हो भनेर सोचिर हनुभएको होला ! तर मेरो नाम कसै लाई थाहा नभए पनि मेरो लागि यो घरको भित्तोमा लेखिएको मेरो नामले मलाई सान्त्वना दिन्छ। मेरो आत्मालाई मान्यता दिन्छ, बाँकी तपाईं बुद्धिमान हुनुहुन्छ।"

धेरै वर्षपछि आज मिस्टर राजवंशी कचनकवल पुगेका छन् । गल्ली र गल्लीका चोक सबै बदलिएका छन् । एक समय थियो जब मलाई यहाँको हावापानी मन पर्थ्यो तर मेरो नयाँ जागिरको कारण म कहिल्यै फर्किन सकिन। मेरी श्रीमती सुपो पनि जीवनभर यहीँ बस्न चाहन्थिन् । ठूलो घर बनायो, सबै कुरा मेरो रोजाइअनुसार थियो तर' विचारमा हराएका राजवंशी साहब केही बेरपछि घरबाहिर उभिरहेका थिए । चारैतिर ठूला-ठूला भवनहरूले घेरिएको उनको सानो घर भाडामा परेको दिनदेखि नै बन्द थियो। ढोकामा पुग्ने बित्तिकै मलाई मेरी श्रीमतीको याद आयो र मैले हातले सफा गरें । 'राजवंशी सदन' हेरेर आँसु आयो। तल लेखिएको थियो- झन्किया राजवंशी /सुपो राजवंशी। एक्कासि उनको अनुहारमा मुस्कान आयो र उनको मन विगतको सम्झनामा हरायो।

"सुन्नुस्, नेमप्लेटमा मेरो नाम अवश्य लेखिनुपर्छ।"

"के सुपो' 'राजवंशी-सदन', हैन ? र त्यसपछि तिम्रो र मेरो नामले के फरक पर्छ ? मेरो नामले पनि तिमीलाई चिनिन्छ। तिमी र म एक अर्काभन्दा फरक छैनौं।"

तर सुपो अडिग थिइन्, "होइन श्रीमान्, राजवंशीको घरमा उर्मिला, पर्मिला वा सपना जो कोही पनि बस्न सक्छन् । मेरो नाम नै मेरो पहिचान हो र यो घर मेरो अस्तित्व हो । भोलि म त्यहाँ नहुँदा कथम कदापि कसैलाई ल्याइहाल्यौ भने पर्मिला उर्मिला तर मेरो नाम देखेमा सौतेनी पनि डराउने छिन् । नेमप्लेटमा, मेरो नाम देखेर मेरी बुहारी पनि डराउनेछिन्।" भनिन् र हाँस्न थालिन्।

"नेमप्लेटमा लेखिएको मेरो नाम नै मेरो पहिचान रहिरहनेछ र कहिले काहीँ चिनेका वा बटुवाले पनि मेरो नामले बोलाउनेछन्।"

"किन नचाहिने वायात कुरा गर्छौ के ?"

"त्यै त, तिमी भट्टजीका साथी न हौ । भाउजू यस्तो गुणी नारी, स्कुलकी प्रधानाध्यापक हुनुहुन्छ, उहाँलाई उस्तै सहयोग गर्नुहुन्छ, तर हेर्नोस् त कति ठूलो अक्षरमा आफ्नो नाम 'भट्ट निवास' लेखेका छन् । एक्स इन्जिनियर बद्री भट्ट नामले चिनिन्छ, त्यसैले त उनको अस्तित्व नै छैन ?

म आफ्नो बारेमा झन् के नै भन्न सक्छु, म त एक गृहिणी हुँ । साधारण लेखिका ! डायरीमा आफ्नो सीप देखाउने व्यक्तिको पहिचान के नै हो भनेर तपाईं सोचिरहनुभएको होला ! तर मेरो नाम कसैलाई थाहा नभए पनि यस घरको भित्तामा लेखिएको मेरो नामले शान्ति दिन्छ । मेरो आत्मालाई मान्यता दिन्छ। बाँकी, तपाईं समझदार हुनुहुन्छ।"

छेउछाउको घरबाट कसैले बोलाउँदा राजवंशी साहब कतै हराएका थिए, 'काका, केही चाहियो ?'

"होइन' हैन' म राजवंशी हुँ, तपाईं भट्टको आफन्त हो..!"

"हो काका, आउनुहोस्, बाबा अब यो संसारमा हुनुहुन्न। म मम्मीलाई बोलाउँछु। तपाईं ' सुपो काकीको श्रीमान् हुनुहुन्छ, हैन ?"

"के तपाईंले चिन्नु हुन्छ ?"

"हो, आमाले प्रायः आफ्ना कथाहरू सुनाउनुहुन्छ।"

मैले हेर्दा घरमा कतै पनि सेवानिवृत्त प्रधानाध्यापक श्रीमती भट्ट उपस्थिति थिएन । श्रीमानको सट्टा बुहारी र छोराको नामको नेमप्लेट थियो।

"सुपो..!"

"यो संसारमा छैन।"

घर आएपछि राजवंशीले सुपोलाई चिनाउने निर्णय गरे । उनका लेखहरू कहिल्यै नपढ्ने व्यक्तिले आज पढेका मात्रै थिएनन्, उनको डायरीका पानाहरू सङ्कलन गरेर उनको नाममा एउटा पुस्तक प्रकाशित गरेछन् । त्यहाँ पुस्तक अनावरण समारोह छ। नेमप्लेटमा उनको नाम मात्रै होइन, घरलाई 'सुपो सदन' भनेर पनि चिनिन्छ।

उनको तस्बिरको छेउमा गएर भन्यो, "आज तिमी धेरै खुसी हुनेछौ सुपो, मैले तिम्रो अस्तित्वलाई जिउँदै राखेँ। पश्चात्ताप एउटै छ कि मैले तिमीलाई बुझ्न ढिलो गरेँ।"

अनि अन्त्यमा'आफ्नो अस्तित्वलाई जान्ने, बुझ्ने अनि चिन्ने गरौं, कुनै खजाना जस्तै जीवनलाई त्यसमा समेटौं । अस्तित्व नै हो जसले बनाउँछ जीवनलाई खास, तेसलाई गुम्न नदिऊ कहिल्यै, त्यसैमा छ हाम्रो विश्वास।"


जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



प्रो. दिनेश कुमार महतो

एभरेष्ट वायर इन्डस्ट्री प्रा.लि.
अल्फा वायर प्रा.लि.
करिश्मा इलेक्ट्रिकल
कलश पेट्रोल पम्प
अजात आयल स्टोर
देवी इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक फेब्रिकेशन प्रा.लि.
रिलायन्स केवल एण्ड वायर इन्डस्ट्री प्रा.लि.
परिवार



जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

दुर्गा पौडेल
अध्यक्ष एवम
रिलिफ नेपाल परिवार
सिन्धुली



जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

फणिन्द्र पहाडी
प्रोपाइटर एवम
सक्सेस कम्प्युटर इन्स्टिच्यूट
२ नम्बर बजार सिन्धुली



जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष एवम
ओम बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, सिन्धुली


## अबसरवादी............

तथाकथित जादुई संख्याको साथ शक्ति गतिशीलता नियन्त्रण गर्न तेस्रो पक्षको नेतृत्व गर्यो। तेस्रो दलका नेता दाहालले पहिलो र दोस्रो ठूला दलको समर्थनमा वैकल्पिक र भ्रामक ढंगले सरकारको नेतृत्व गरे । तर, उनको राजनीतिक चलखेलको अन्त्य भइसकेको छ र उनी अहिले कमजोर नेताका रूपमा बाहिरिएका छन् । यसैलाई सम्झँदै उहाँका पूर्व सहकर्मी र अहिले एक दलका नेता बाबुराम भट्टराईले यसरी सन्तुष्टि व्यक्त गर्नुभएको छ, 'सबै जनतालाई सधैं मुर्ख बनाउन सकिँदैन।

कतिपयले दुई ठूला पार्टीलाई एकताबद्ध गराउन बाह्य शक्तिहरू विशेषगरी पश्चिमा शक्तिहरूले भूमिका खेलेको अनुमान गरेका छन् तर यी दाबीहरू निराधार र आधारहीन छन् । कतिपय बुद्धिजीवीहरू प्रायः महत्त्वपूर्ण घरेलु घटनाक्रममा बाह्य हस्तक्षेपको शंका गर्छन् तर यो आत्म-सन्तुष्टिको एउटा रूप मात्र हो। न त छिमेकी देशहरू न त अमेरिका जस्ता पश्चिमी राष्ट्रहरूले दुई पार्टीहरूलाई एकसाथ ल्याउन योगदान दिए। ओली र देउवाले नै दाहालको अव्यवस्थित र अवसरवादी राजनीतिलाई आन्तरिक राजनीतिक परिदृश्यबाट किनारा लगाउने निर्णय गरेका थिए।


सुमन फर्मा
कमलामाई -६, हस्पिटलरोड, सिन्धुली
सम्पर्क नं. ०४७-५२०२३०/९८४४०४०२३०
सबै प्रकारको औषधी पाइनुका साथै डाक्टरको पुर्जा अनुसार औषधी उपलब्ध गराइन्छ ।



# इजरायललाई प्यालेस्टाइन क्षेत्र छोड्न आईसिजेको आदेश



**एजेन्सी**/अन्तर्राष्ट्रिय न्याय अदालत (आइसीजे) ले शुक्रबार इजरायललाई कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा गैरकानुनी उपस्थिति छिटै अन्त्य गर्न आह्वान गरेको छ।

हेगस्थित राष्ट्रसङ्घीय अदालतको सार्वजनिक सत्रमा, आईसीजेका अध्यक्ष न्यायाधीश नवाफ सलामले पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा इजरायली कब्जाको कानुनी परिणामका बारेमा संयुक्त राष्ट्र सङ्घको महासभाको अनुरोधमा सल्लाहकार राय प्रस्तुत गर्नुभएको थियो।

प्यालेस्टिनी क्षेत्रमा इजरायलको उपस्थिति गैरकानूनी भएको उहाँले उल्लेख गर्नुभएको छ।

गैर-बाध्यकारी दस्तावेजमा, अदालतले इजरायली बस्तीमा अन्तर्राष्ट्रिय कानुनबमोजिम प्रतिबन्धित भएको जनाउँदै तुरुन्तै यस्ता गतिविधिहरू रोकी मानवीयता संरक्षण गर्न आग्रह गरेको छ।

कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रका प्रभावित प्राकृतिक तथा कानुनी व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने दायित्व इजरायलको भएको उहाँले उल्लेख गर्नुभएको छ।

अदालतले राष्ट्रसङ्घलगायत राज्य र अन्तर्राष्ट्रिय संस्थाहरू प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थितिलाई कानुनी रूपमा मान्यता नदिने पक्षमा छन्।

महासभा र सुरक्षा परिषद्ले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थिति लाई सकेसम्म चाँडो अन्त्य गर्न आवश्यक कदम र कार्यहरू निर्धारण गर्नुपर्ने जनाएको छ।

सन् २०२२ डिसेम्बर-३० मा, संयुक्त राष्ट्र सङ्घीय महासभाले पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको कानुनी परिणामको बारेमा सल्लाहकार राय प्रदान गर्न आईसीजेलाई अनुरोध गर्ने प्रस्ताव पारित गरेको थियो।

सन् २०२४ फेब्रुअरीमा आईसीजे ले आयोजना गरेको सार्वजनिक सुनुवाइवामा प्यालेस्टाइन, ४९ वटा राष्ट्रका सदस्य राष्ट्रहरू र तीन वटा अन्तर्राष्ट्रिय संस्थाहरूले यस विषयमा मौखिक बयान प्रस्तुत गरेका थिए।

सुनुवाइमा, संरा अमेरिकाका प्यालेस्टाइनका दूत रियाद मन्सुरले आईसीजेलाई प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जालाई अवैध घोषणा गर्न आग्रह गर्नुभएको थियो। फैसलाले कब्जाको तत्काल अन्त्य गरी न्यायपूर्ण र स्थायी शान्ति स्थापनाको लागि मार्गप्रशस्त गर्ने कुरामा जोड दिएको थियो।

सुनुवाइमा भाग नलिई, इजरायली प्रधानमन्त्रीको कार्यालयले सुनुवाइको वैधतालाई अस्वीकार गर्दै बयान जारी गरेको थियो भने सहभागीहरूले इजरायलको आत्मरक्षाको अधिकारलाई अझ कमजोर पार्ने प्रयास गरेको आरोप लगाएका थिए।




जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
दिपक दाहाल
अध्यक्ष एवम
सिन्धुली ट्रक व्यवसायी संघ
परिवार, रातमाटा सिन्धुली

जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
खड्गवहादुर खत्री
अध्यक्ष एवम
सिद्धबाबा प्लस टू म्यानेजमेण्ट
परिवार, धुराफाँट सिन्धुली

जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
ध्रुवकुमार श्रेष्ठ
अध्यक्ष एवम
उज्यालो नेपाल परिवार
परिवार, धुराबजार, सिन्धुली

जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश
हार्दिक बधाई तथा शुभकामना
सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कर्ण घिसिङ
वडा अध्यक्ष एवम
कमलामाई नगरपालिका ७
परिवार, सिन्धुली

सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।
बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।

☞ विषादी प्रयोग नगरिएका सागसब्जी
☞ आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
☞ मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली, कागती, दालहरू

राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली, फोन: ९८४४०९१९७७

दुनियाका मजदुरहरु – एक होऔं ।
Workers of the world – Unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद ।
Long Live Marxism Leninism Maoism !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
Communist Party of Nepal (Maoist Centre)
जिल्ला समन्वय समिति, सिन्धुली
District Co-ordination Committee, Sindhuli

पत्र संख्या: २०८१।०८२
चलानी नं. : ००१

मितिः २०८१।०४।०५ गते

## हार्दिक शुभकामना

खबर हाम्रो फैसला तपाईंको भन्ने उद्देश्य बोकेको सन्देश जनप्रिय साप्ताहिकको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेशको सुखद अवसरमा विशेषाङ्क प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ । सर्वप्रथमतः सन्देश जनप्रिय साप्ताहिक परिवार प्रति हार्दिक आभार व्यक्त गर्दै प्रकाशनको निरन्तरताको अपेक्षा सहित उत्तरोत्तर प्रगतिको कामना समेत गर्न चाहन्छौ ।

समाजमा असाध्यै पछाडी परेका भुइमान्छेहरुको आवाज र व्यथिति, विसंगति र विकृतिको विरुद्ध आवाज बुलन्द गर्दै सत्य, यथार्थपरक, जनप्रिय साप्ताहिक पत्रिका मार्फत नविन सन्देश प्रवाह गर्न सफल भएको वास्तविकता विशेषाङ्क प्रकाशनले पुस्टि गरिसकेको छ । अतः नेपाली जनताको निकै ठूलो विरता, साहस र बलिदानीपूर्व संघर्षबाट प्राप्त उपलब्धी संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशी र संविधानको संस्थागत रक्षा कार्यान्वयनको लागि घनिभुत वर्ग संघर्षका क्रममा स्थापना भएको सन्देश जनप्रिय साप्ताहिक को ऐतिहासिक महत्व र सान्दर्भिकता छ । त्यतिकै मात्रामा भन्ने परिवर्तनको जगमा, नेपाली जनताको सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको लागि यहाँहरुको सन्देश जनप्रिय साप्ताहिक मार्फत रचनात्मक, सकारात्मक एवं समतामुलक समाज निर्माणको लागि शसक्त र प्रभावकारी भूमिकाको अपेक्षा सहित विशेषाङ्क प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौ ।

क्रान्तिकारी अभिवादन सहित

क. बुद्धिमान माझी (बसन्त)
इन्चार्ज
नेकपा (माओवादी केन्द्र)
सिन्धुली

नेपाल कम्युनिष्ट पार्टी ( एमाले )
Communist Party of Nepal (UML)
जिल्ला कमिटी, सिन्धुली
District Committee, Sindhuli

मितिः– २०८१ साउन ०६

## हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लामा बिगत २१ बर्ष देखि निरन्तर प्रकाशन हुँदै आम जनतालाई स्वतन्त्र निस्पक्ष र सत्य तथ्य समाचार प्रकाशन गर्दै आएको सन्देश जनप्रिय साप्ताहिकले २२ औँ बसन्त प्रवेश गर्न लागेकोमा हामीलाई अत्यन्तै हर्ष लागेको छ ।

रास्ट्रको चौथो अंगका रूपमा रहेको संचार जगतको खासगरी जनतालाई सुसूचित गर्ने , रास्ट्र प्रति बफादार र सचेत नागरिक तयार गर्ने , साथै लोकतन्त्र उन्नत बनाउने कार्यमा महत्त्वपूर्ण भुमिका रहेको हुन्छ । राजनीतिक दल लगायत नागरिक समाजले गलत गर्न लाग्दा खबरदारी गरेर सहि बाटोमा हिडाउने प्रयत्न गर्ने, सहि एजेन्डा र सहि विचार नीति र नेतृत्वलाई काम गर्ने हौसला प्रदान गर्ने काम पनि संचार माध्यम कै हुन्छ । हाल आएर पत्रकारीता जगतमा मिसन पत्रकारिता गर्ने, कुनै अमुक ब्यक्ति वा संस्थाको लागि आफ्नो पुरै ब्रान्ड नै दुरूपयोग गर्ने कार्यहरू पनि नभएका होइनन् । यी सबै गलत प्रबृत्तिबाट आफुलाई मुक्त गर्दै निरन्तर जनता कै पक्षमा आफुलाई उभ्याएको सन्देश जनप्रिय साप्ताहिक जस्ता संचार माध्यम कै कारण आज हामी संघीय लोकतान्त्रिक गणतन्त्र जस्तो सम्मुन्नत लोकतान्त्रिक ब्यबस्थाको अभ्यासमा छौँ ।

नेपाली जनताको हक अधिकारलाई प्रचलन गराउने, तल्लो बर्गमा रहेका मजदुर किसानहरूको आर्थिक उन्नतिमा सकारात्मक सन्देश प्रवाह गर्ने, खास गरि जनताले प्रत्यक्ष देख्ने भेट्ने स्थानीय तहको सरकारलाई सदैब जनताको पक्षमा काम गर्ने प्रेरणा प्रदान गर्ने कार्यमा सन्देश जनप्रिय साप्ताहिकले आफ्नो भुमिका निर्बाह गरेकै छ ।

कुनै पनि संस्थामा भएका बिकृती बिसंगतिलाई उजागर गर्दै सुधार गर्ने, लोकतान्त्रिक गणतन्त्र, समाबेसीता, स्वतन्त्र न्यायपालिका, समता सहितको समानता सहित संविधानमा देखिएका कमिकमजोरीलाई सुधार गर्दै समृद्ध नेपाल, खुसी नेपाली नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न यसले निरन्तर खबरदारीको अपेक्षा हाम्रो पार्टीले राखेको छ ।

सन्देश जनप्रिय साप्ताहिकको २२ बर्ष प्रवेशको उपलक्ष्यमा हार्दिक बधाई व्यक्त गर्दछौ । उत्तरोत्तर प्रगतिको कामना सहित पत्रीका प्रकाशनको कार्यको निरंतरताको शुभकामना ब्यक्त गर्दछौँ

| सचिब | उपाध्यक्ष | अध्यक्ष |
|---|---|---|
| नबराज थिङ | कर्ण घिसिङ | महेन्द्र देब श्रेष्ठ |

आजाद स्मृति भवन, कमलामाई ०६, सिन्धुली, नेपाल, फोन : ०४७ ५२०११०, ईमेल : sindhulicpnuml@gmail.com
Aajad Memorial Bulding, Kamalamai 06, Sindhuli, Nepal, Phone : 047 520110, Email : sindhulicpnuml@gmail.com

जनमुखी पत्रकारिताको
२२ औं वर्ष प्रवेश

## हार्दिक बधाई तथा शुभकामना

सिन्धुली जिल्लाबाट प्रकाशित भइरहेको सन्देश जनप्रिय साप्ताहिकले प्रकाशनको २१ वर्ष सफलतापूर्वक पुरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । २२ औं वर्षको यो गौरवमय यात्रा सत्य, तथ्य र निश्पक्ष खबर संप्रेषणसँगै अझ परिस्कृत र जनउत्तरदायि बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शंकर बराल — अध्यक्ष
एवम्
ज्वालाप्रसाद न्यौपाने — उपाध्यक्ष

गोलन्जोर गाउँपालिका परिवार
ग्वालटार, सिन्धुली


प्रतिक्षा मेडिकल हल
एण्ड कायरा फार्मेसी
०४७-५२००४१, ५२०१५६
९८५४०४०१५६
कमलामाई नगरपालिका-४, दुंग्रेबास सिन्धुली
होलसेल तथा खुद्रा मुल्यमा पाउनुको साथै छुटको पनि व्यवस्था छ।

प्रो. राजन भुजेल
© ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली
Pashupati Paints
यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

9828889707
9840908200
Kamalamai nursery
Kamalamai municipality 6, Dhurabazaar, Sindhuli
हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।

एम्बुलेन्स चाहिएमा
तिलकुमारी बस्नेत स्मृति सामाजिक प्रतिष्ठान सिन्धुली
4f/f ;~rfln t PDa'nG ; uf8L
रमेश श्रेष्ठ
९८४४५०८०८२
९८१२१५४६२७

कन्चन बुटिक तथा कन्चन सिलाई हाउस एण्ड कपडा पसल
कमलामाई न.पा.-६, २ नं. बजार, सिन्धुली
047-520724
9811409291
9854041724
यहाँ लेडिज एण्ड जेन्सको कोट, पेन्ट, शर्ट सिलाउनुका साथै कलेज र स्कूलको ड्रेस पनि पाइन्छ।


सन्देश जनप्रियका लागि *दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित,* प्रधान सम्पादक *: कृष्ण गौतम,* सम्पादकः *प्रेम दाहाल,* सम्वाददाताः *लेख ब. राउत,* कार्यालय (सिन्धुली)*: विपी राजमार्ग, कमलामाई–६,* (बर्दिवास)*: सिन्धुलीरोड,* कानुनी सल्लाहकारः *केशवप्रसाद गौतम* ई–मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः *लालिगुरांस अफसेट प्रेस, सिन्धुली*